# कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौ
बागमती, प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
टोल फ्री नं. १६६००१२७७७७
फ्याक्स: ०१-४४५०३५६

पत्र संख्या:०७८/०७९
च.नं. ४५२५

मिति: २०७९/०३/१९

विषयः हैजाबाट बच्ने उपाय तथा रोकथाम सम्बन्धि अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा हैजा (Cholera) जस्ता पानिजन्य रोगहरु समुदायमा देखिने हुंदा यसै सन्दर्भमा काठमाडौंका केहि पालिकाहरुमा छिटफुट रुपमा हैजाका जीवाणु देखिएकोले यस कागेश्वरी मनोहरा नगरपालिकामा बसोबास गर्ने आम नगरवासीहरुलाई हैजा रोगबाट बच्न तथा सो को रोकथाम गर्नका लागि निम्न व्यवहारहरु अपनाउन हुन सबैमा अनुरोध छ ।

कुमार सिंह डाँगी
जनस्वास्थ्य अधिकृत(सातौं)

**तपसिल**

१. उमालेर वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएको पानि मात्र पिऔं ।
२. खानेपानीलाई सधैं सफा भाँडामा ढाकेर राखौं ।सफा भाँडाले मात्र खानेपानी निकालौं ।
३. खानेकुरालाई राम्ररी पकाएर मात्र खाऔं । बासी सडेगलेका खानेकुराहरु नखाने ।
४. खाना बनाउनु अघि,खाना खानु वा खुवाउनु अघि,दिसापिसाब गरेपछि वा बालबालिकाको दिसा धोएपछि,फोहोर चलाएपछि,घर वा कार्यालय छिर्नु अघि साबुनपानीले हात मिचिमिची धोऔं ।
५. खानेपानीको मुहान सधै सफा राख्ने ।
६. फलफुल तथा खानेकुराहरु राम्रो संग धोएर मात्र खाने ।
७. हैजा तथा झाडापखालाका लक्षणहरु देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने, पुनर्जलीय झोल संगै प्रशस्त मात्रामा पोषिलो झोलिलो खानेकुरा खाऔं ।